# सिद्धार्थनगर नगरपालिका कार्यालय
## सिद्धार्थनगर, रुपन्देही

प.सं. प्रशासन /०६९/०७० मिति :– २०६९।१२।८
च.नं.

**विषय : निर्णय उतार पठाइएको सम्बन्धमा ।**

श्री सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय
न.पा. व्यवस्थापन शाखा
सिंहदरवार ।

प्रस्तुत विषयमा यस कार्यालयको न.पा. वोर्डले मिति २०६९ साल पौष महिनामा गरेको निर्णय उतार तपसिल बमोजिम रहेको व्यहोरा अनुरोध छ ।

### तपसिल

**मिति २०६९।९।६ गतेको न.पा. बोर्ड बैठकको निर्णय उतार**

नगरपालिका वोर्ड बैठक प्रमुख एंव कार्यकारी अधिकृत श्री टीकादत्त राई ज्यूको अध्यक्षतामा निम्न उपस्थितिमा बस्यो ।

### उपस्थिति

श्री टीकादत्त राई – प्रमुख/का.अ. सि.न.पा.

### आमन्त्रीत

श्री शैलेन्द्र प्रसाद श्रेष्ठ – ब.ई. सि.न.पा.
श्री बिवेक कुमार खनाल – ब.अ. सि.न.पा.
श्री गणेश बहादुर क्षेत्री – ब.अ. सि.न.पा.
श्री यमलाल पाण्डे – ई. सि.न.पा.
श्री देव प्रसाद ज्ञवाली – शाखा अधिकृत
श्री श्रीराम गुप्ता – अध्यक्ष, कर्मचारी एशोसिएशन

**निर्णय नं. १ (एक)**

नगरपालिकाको मौजुदा दरवन्दी संख्या, कार्यरत कर्मचारी संख्या र मौजुदा कार्य बोझ समेत अध्ययन गरी दरवन्दी पुनरावलोकन तथा संगठन संरचना सुधार गर्न सिफारिस गर्न निम्न पदाधिकारी रहेको दरवन्दी पुनरावलोकन उप–समिति निर्माण गर्ने निर्णय गरियो ।


"एक घर एक चर्पी नजिकैमा धारा, खुल्ला दिशा मुक्त नगर बनाउँ हामी मिली सारा" - सिद्धार्थनगर नगरपालिका
फोन नं. : ५२०३५५, ५२०९०८, ५२०२९२, फ्याक्स : ००९७७-७१-५२०१६५
e-mail: siddhartha_bhw@ntc.net.np; http/:www.siddharthanagar.org.np

**उप–समिति**

१. संयोजक :– श्री विवेक कुमार खनाल – बरिष्ठ अधिकृत
२. सदस्य :– श्री देव प्रसाद ज्ञवाली – शाखा अधिकृत
३. सदस्य :– श्री श्रीराम गुप्ता – अध्यक्ष कर्मचारी एशोसिएशन

**निर्णय नं. २(दुई)**

आगामी बर्ष २०७०/७१ को बजेट तथा कार्यक्रम तयार गर्न निम्नानुसार बजेट तर्जुमा उप–समिति निर्माण गर्ने निर्णय गरियो ।

**उप–समिति**

१. संयोजक :– श्री शैलेन्द्र प्रसाद श्रेष्ठ – बरिष्ठ ईन्जिनियर
२. सदस्य :– श्री गणेश बहादुर क्षेत्री – वरिष्ठ अधिकृत
३. सदस्य :– श्री देव प्रसाद ज्ञवाली – शाखा अधिकृत
४. सदस्य :– श्री राम प्रसाद वि.क. – शाखा अधिकृत
५. सदस्य :– श्री अमित कुमार श्रेष्ठ – ना.सु.

**निर्णय नं. ३(तिन)**

आगामी आ.ब. २०७०/७१ को बजेट तथा कार्यक्रम निर्माण तयारीका लागी मिति २०६९।९।९ गते १.०० बजे पूर्व योजना तर्जुमा गोष्ठी गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४(चार)**

भैरहवा बहुमुखी क्याम्पस M BS 2nd Year का विद्यार्थीहरुको शैक्षीक भ्रमणका लागी मिति २०६९।९।३ मा सहयोगका लागी अनुरोध भई आएकोमा सो कार्यक्रमका लागी रु १०,०००।– (अक्षेरुपी दश हजार) दिने निर्णय गरियो ।

**निर्णय नं. ५(पाँच)**

भैरहवा बहुमुखी क्याम्पसमा स्नातक दोश्रो बर्षका विद्यार्थीले शैक्षिक भ्रमण, बृद्धाश्रमलाई सहयोग तथा क्याम्पस स्थित पुस्तकालयलाई सहयोग गर्न मिति २०६९।५।२० मा आर्थिक सहयोगको लागी अनुरोध भई आए अनुसार उक्त कार्यक्रम गर्न रु १०,०००।– (अक्षेरुपी दश हजार) उपलब्ध गराएकोमा अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६(छ)**

सिद्धार्थनगर नगरपालिका पदपुर्ति समितिको सिफारिसमा न.पा. को मिति २०६९।८।२७ को निर्णयले मिति २०६९।८।२८ देखि लागु हुने गरी दिएको बढुवा नियुक्ति अनुमोदन गर्ने निर्णय गरियो ।



फोन नं. : ५२०३५५, ५२०९०८, ५२०२९२, फ्याक्स : ००९७७-७१-५२०१६५
e-mail: siddhartha_bhw@ntc.net.np; http/:www.siddharthanagar.org.np

| क्र.सं. | नाम थर | वि.नं. | पद | सेवा |
|---|---|---|---|---|
| १ | श्री देव प्रसाद ज्ञवाली | ४/०६८/६९ | अधिकृत स्तर छैठौं | प्रशासन |
| २ | श्री रिता कुमारी पोखरेल (धिमाल) | ७/०६८/६९ | सहायक स्तर चौथों | प्रशासन |
| ३ | श्री दुर्गा कुमारी कोईराला (घिमिरे) | ७/०६८/६९ | सहायक स्तर चौथों | प्रशासन |

**निर्णय नं. ७(सात)**

देहायका संघ संस्था क्लवहरुलाई निम्नानुसार अनुदान सहयोग दिने निर्णय गरियो ।

१) महात्मा बुद्ध माध्यमिक विद्यालयलाई पंखा खरिद गर्न रु ५०००।– (अक्षेरुपी पाँच हजार मात्र)
२) ॐ अखण्ड सुख केन्द्र, सिद्धार्थनगर ज्ञान मन्दिर मर्मत गर्न रु ५०००।– (अक्षेरुपी पाँच हजार मात्र)
३) माछापुच्छ्रे क्लवलाई दुर्गा पुजाको लागी रु १५००।– (अक्षेरुपी एक हजार पाँच सय मात्र)
४) बैंकरोड व्यवसायिक प्रवर्द्धन समिति, भैरहवालाई दिपावली र छठपर्वको लागी रु २५,०००।– ( अक्षेरुपी पच्चिस हजार)
५) सि.न.पा. वार्ड नं. १३ को पुजा कवंरलाई आगलागी वापत रु २,०००।– (अक्षेरुपी दुई हजार मात्र)
६)नेपाल रेडक्रस सोसाईटी रुपन्देहीलाई अकुपंचर शिविर वापत रु १०,०००।– (अक्षेरुपी दश हजार मात्र)
७) आस्था सेवा समिति सि.न.पा. ६, लक्ष्मी पुजालाई रु २०००।– (अक्षेरुपी दुई हजार मात्र)
८) सि.न.पा. वार्ड नं. ६ को शंकर हरिजनको आगलागी वापत रु ३,०००।– (अक्षेरुपी तिन हजार मात्र)
९) सनातन हिन्दु धर्म संरक्षण राष्ट्रिय समिति, रुपन्देही रथयात्रा र धार्मिक अनुष्ठानका लागी रु ५०००।– (अक्षेरुपी पाँच हजार)

**निर्णय नं. ८(आठ)**

आ.ब. २०७०/०७१ को प्रस्तावित नगर विकास योजना तथा कार्यक्रम पारित गर्न मिति २०६९।९।२६ गते १.०० बजे नगरपरिषदको बैठक बसी मिति २०६९।९।३० गते सार्वजनिक गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९(नौ)**

वडा नं. ११ सिसवा देखि भुजौली सम्म सडक पिच निर्माण योजनाका लागी रु ३०,००,०००।– (अक्षेरुपी तिस लाख मात्र) संङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयमा अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. १०(दश)**

यस नगरपालिकाद्धारा आ.ब. २०६९।७० को नगरपरिषदको निर्णय र न.पा. बोर्डको मिति २०६९।७।२६ को निर्णय नं. २ को क्र.सं. ३ को योजना जगेडा कोषमा स्वीकृतिको लागी पठाईएकोमा अस्वीकृत भएकोले वडा नं. ११ सिसवा देखि भुजौली सम्म सडक पिच निर्माण गर्ने योजना पुन जगेडा कोषमा स्वीकृतिको लागी पठाउने र यस निर्णयलाई आगामी २०७०।७१ को नगरपरिषदबाट अनुोदन गराउने निर्णय गरियो ।



"एक घर एक चर्पी नजिकैमा धारा, खुल्ला दिशा मुक्त नगर बनाउँ हामी मिली सारा" - सिद्धार्थनगर नगरपालिका
फोन नं. : ५२०३५५, ५२०९०८, ५२०२९२, फ्याक्स : ००९७७-७१-५२०१६५
e-mail: siddhartha_bhw@ntc.net.np; http/:www.siddharthanagar.org.np

# सिद्धार्थनगर नगरपालिका कार्यालय

## सिद्धार्थनगर, रुपन्देही

**मिति २०६९।९।१७ गतेको न.पा. बोर्ड बैठकको निर्णय उतार**

**निर्णय नं. १ (एक)**

नेपाल सरकारलाई एशियाली विकास बैंक (ADB) बाट प्राप्त अनुदान तथा ऋण सहयोगमा सिद्धार्थनगर नगरपालिकामा संचालन भएको Integrated Urban Development Project (IUDP) Loan No. 2851 / Grant No. 0284-NEP: Project No. 42161 (SF) कार्यक्रम अन्तर्गत एकीकृत शहरी विकास परियोजनाको लागि NGO for Community Development Program को लागि मिति २०६९।४।२६ (१० अगस्त २०१२) मा नागरिक दैनिकमा Shortlisted भएका ६ वटा NGO हरुबाट Request for Proposal (प्रस्ताव) माग भए अनुसार ५ (पाँच) वटा फर्महरुले प्रस्ताव पेश गरेको र १ वटा फर्म (Nepal Red Cross Society) ले प्रस्ताव पेश नगरेको र पेश हुन आएका ५ (पाँच) वटा (Nepal Rural Development Center (NRDC), Koteshwor, Kathmandu, Social Development and Research Center (SDRC-Nepal), Gaindakot-2, Nawalparasi, Friends for Peacebuilding and Development (Fri PAD), Bharatpur-10, Chitwan, Integrated Rural Development Center Nepal (IRDC Nepal), New Baneshowar, Kathmandu र Social Development Path (SODEP), Nepal, Ramanand Chowk, Ward No. 9, Janakpurdham, Dhanusha, Nepal) को Technical Proposal छुट्टा छुट्टै अध्ययन र मूल्यांकन गरि Evaluation Criteria को आधारमा निम्न NGO हरुको अंक निर्धारण गरि मूल्यांकन समितिबाट सिफारिस भै आए अनुसार स्वीकृत गर्ने निर्णय गरियो ।

| S.N. | Firm | EOI Score |
|---|---|---|
| 1 | Nepal Rural Development Center (NRDC), Koteshwor, Kathmandu | 929.30 |
| 2 | Social Development and Research Center (SDRC-Nepal), Gaindakot-2, Nawalparasi | 711.90 |
| 3 | Friends for Peacebuilding and Development (Fri PAD), Bharatpur-10, Chitwan | 868.20 |
| 4 | Integrated Rural Development Center Nepal (IRDC Nepal), New Baneshowar, Kathmandu | 845.60 |
| 5 | Social Development Path (SODEP), Nepal, Ramanand Chowk, Janakpurdham, Dhanusha | 854.60 |

**निर्णय नं. २ (दुई)**

NGO हरुको Financial Proposal 03November 2012 मा खोल्ने भनिएकोमा प्राविधिक कारणवस सो Financial Proposal 30 January 2013 मा खोल्न CRAM परिमार्जन गरी आवश्यक निर्णयको लागि DUDBC, PCO मा पठाउनको लागि मूल्यांकन समितिबाट सिफारिस भए अनुसार स्वीकृत गर्ने निर्णय गरियो ।



**"एक घर एक चर्पी नजिकैमा धारा, खुल्ला दिशा मुक्त नगर बनाउँ हामी मिली सारा" - सिद्धार्थनगर नगरपालिका**
फोन नं. : ५२०३५५, ५२०९०८, ५२०२९२, फ्याक्स : ००९७७-७१-५२०१६५
e-mail: siddhartha_bhw@ntc.net.np; http/:www.siddharthanagar.org.np

# सिद्धार्थनगर नगरपालिका कार्यालय
सिद्धार्थनगर, रुपन्देही

*D:\ADM\Admintration\nirnay utar Mld\Nirnay utar_mlad_Push.docx*


फोन नं. : ५२०३५५, ५२०९०८, ५२०२९२, फ्याक्स : ००९७७-७१-५२०१६५
e-mail: siddhartha_bhw@ntc.net.np; http/:www.siddharthanagar.org.np